# ओराही सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. १, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०३/३२ गते बिहीबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५८८९/५८९० मिति २०८३/०३/२२ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| KH/15/11-a01-01-2083/03/32-p | समूहको घाटगद्धीमा | ५ देखि ९, ११, १३ र २१ (H/FT) सम्म<br>२, ३ र ५ (TI) | १ | खयर | N | १२ | ७.३९ | १००० | ७३९०.० | ४२०६९३.० | |
| | | | २ | गुटेल | N | १९ | ३३.२५ | १०० | ३३२५.० | | |
| | | | ३ | जामुन | बि | २ | ११.२८ | ३०० | ३३८४.० | | |
| | | | ४ | जामुन | सि | ८ | २४.१६ | १०० | २४१६.० | | |
| | | | ५ | अस्ना | ए | २ | २४.१७ | ४०० | ९६६८.० | | |
| | | | ६ | अस्ना | बि | ७ | ६१.६१ | ३०० | १८४८३.० | | |
| | | | ७ | अस्ना | सि | २४ | ७५.३ | १०० | ७५३०.० | | |
| | | | ८ | कर्मा | बि | १ | ७.६ | ३०० | २२८०.० | | |
| | | | ९ | कर्मा | सि | ५ | १२.१६ | १०० | १२१६.० | | |
| | | | १० | बाँझी | N | १२ | ४७.०९ | १०० | ४७०९.० | | |
| | | | ११ | बोटधाईरो | N | ३ | ४.९७ | १०० | ४९७.० | | |
| | | | १२ | सिमल | N | ५८१ | ३२५६.२१ | १५० | ४८८४३१.५ | | |
| जम्मा | | | | | | ६७६ | ३५६५.१९ | | ५४९३२९.५ | ४२०६९३.० | |
| KH/15/11-a01-02-2083/03/32-p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५'को) ४.५० चट्टा | | | | | | १२००० | ५४०००.० | १२१८००.० | |
| | | सिसौ/टिक जातको दाउरा (२०'x५'x५'को) ४.०० चट्टा | | | | | | १२००० | ४८०००.० | | |
| | | अन्य जातको दाउरा(२०'x५'x५'को) ६.०० चट्टा | | | | | | ४००० | २४०००.० | | |
| जम्मा | | | | | | | | | ६७५३२९.५ | ५४२४९३.० | |

**शर्त तथा नियमहरु:**

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/२० गते बुधबार    ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/२१ गते बिहीबार    ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) बोलपत्र खोल्ने मिति र समय
क) अन्तिम मितिः २०८३/०४/२२ गते शुक्रबार ख) समयः बिहान १२:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०३/३२ गते बिहीबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००८६००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

# नियमावलीको विरोधमा शैक्षिक परामर्श व्यवसायी आन्दोलनमा




**काठमाडौं/मस–** शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन तथा व्यवस्थापन) नियमावलीका केही प्रावधानप्रति असन्तुष्टि जनाउँदै शैक्षिक परामर्श व्यवसायीहरूले आन्दोलनको घोषणा गरेका छन् । शैक्षिक परामर्श व्यवसायी संयुक्त संघर्ष समितिले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन तथा व्यवस्थापन) नियमावलीमा उल्लेख केही प्रावधानले शैक्षिक परामर्श व्यवसाय बन्द गर्नुपर्ने अवस्था आएको भन्दै आन्दोलनको घोषणा गरेका हुन् ।

आन्दोलन अन्तर्गत बिहीबार कालो पट्टी बाँधेर नियमित काम गर्ने र साउन १ गते बिहान ११ बजेदेखि देखि साढे ११ बजेसम्म काठमाडौंका विभिन्न स्थानहरूमा प्लेकार्डसहित शान्तिपूर्ण विरोध प्रदर्शन गरिने संघर्ष समितिका संयोजक दीपक गुरुङले जानकारी दिए ।

सरकारले आफूहरूको मागप्रति गम्भीरता नदेखाए अनिश्चितकालीन आन्दोलनमा जाने उनले बताए । उनले नियमावलीमा अनुमति पत्रको नवीकरण वर्षैपिच्छे गर्नुपर्ने व्यवस्था रहेकोमा आपत्ति जनाउँदै यसलाई खारेज गरी कम्तीमा ५ वर्षको बनाउनुपर्ने माग गरे । शैक्षिक मेला वा सेमिनार गर्न मन्त्रालयबाट स्वीकृति लिनुपर्ने र कार्यालय परिसरभित्र गरिने कार्यक्रमका लागि समेत अनुमति लिनुपर्ने व्यवस्था अव्यवहारिक रहेको उनको भनाइ छ । संघर्ष समितिले आन्तरिक राजस्व कार्यालयमा कर चुक्ता प्रमाणपत्र बुझाइसकेपछि पुनः दोहोरो विवरण पेस गर्नुपर्ने व्यवस्था खारेज हुनुपर्ने समेत माग गरेको छ ।

# नेपाली पत्रकारिता उकास्न सक्दो प्रयास गर्ने अध्यक्ष श्रेष्ठको प्रतिबद्धता




**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालमा साहित्यिक पत्रकार हरुसँग पत्रकार आचारसंहिता र पत्रपत्रिका वर्गीकरणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता गर्दै काउन्सिलका अध्यक्ष उमेश श्रेष्ठले संकटपूर्ण अवस्थामा रहेको नेपाली पत्रकारिता उकास्न सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाए ।

पछिल्लो समय प्रविधिको बढ्दो विकाससँगै पत्रकारहरुले पनि त्यसको उपयोग बढाउनुपर्नेमा उनले जोड दिए । बहुभाषी पत्रपत्रिकाको संरक्षणको लागि नीतिगत व्यवस्था प्रेस काउन्सिल ऐनमा एकजना सदस्य साहित्यिक क्षेत्रबाट हुने व्यवस्था रहेको हुँदा सोही अनुरुप हुने समेत उनको भनाइ छ । साहित्यिक पत्रकारिता क्षेत्रमा देखिएको विकृति रोक्न सबै सक्रिय हुनुपर्ने बताए । कार्यक्रममा काउन्सिलका मुख्य अधिकृत झवीन्द्र भुसालले साहित्यिक पत्रिकाको वर्गीकरणमापदण्ड सहज बनाएको जानकारी गराए ।

वर्गीकरणको मापदण्ड अनुसार कति प्रति छपाइ हुन्छ ? कहाँ-कहाँ बिक्रीवितरण हुन्छ ? त्यसको अभिलेख महत्वपूर्ण हुनेमा जोड दिए । उनले साहित्यिक पत्रिकाको मुल्यांकन विधिबारे स्पष्ट पारेका थिए । प्रेस काउन्सिल नेपालका पत्रपत्रिका वितरण सम्परीक्षण समितिका सदस्य सन्तोष खड्काले नेपालको राजनीतिक परिवर्तनमा साहित्यिक पत्र-पत्रिकाको भूमिका रहेको बताए ।

उनले वर्गीकरणका लागि आवश्यक मापदण्ड पूरा गर्न आग्रह गरे । झुठा विवरण उल्लेख गर्दा राज्यबाट पाइने सेवाबाट समेत बञ्चित भइने र एकको गल्तीका कारण धेरैलाई असर पुग्ने भएकाले साँचो विवरण उल्लेख गर्न उनले आग्रह गरे । साथै उनले साहित्यक पत्रिकाको वर्गीकरणलाई अझ सरल बनाउन सुधार गर्नुपर्ने नीतिका लागि सबै मिलेर लाग्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष मोहन दुवालले पत्रिका प्रकाशनकालागि राज्यको मात्रै भर पर्न नहुने बताए ।

साहित्यिक पत्रिकाको विकासकालागि पत्रिकालाई झोलाबाट बिक्री वितरण बन्द गरी व्यावसायिक बनाउनुपर्नेमा जोड दिए । साथै उनले काउन्सिलको वर्णीकरण पश्चात सरकारबाट पाइने लोक कल्याणकारी विज्ञापनले साहित्यिक पत्रिका बन्द हुनबाट जोगिएको धारणा राखे । उनले छापामाध्यम धरासायी भइरहेका बेला साहित्यिक पत्रिका झनै संकटमा परेको उल्लेख गर्दै यसको विकासकालागि काउन्सिललाई सहजीकरण गर्न आग्रह गरे ।

कार्यक्रममा काउन्सिलका पूर्वबोर्ड सदस्य समेत रहेका चेतनाथ धमलाले नेपालको पत्रकारिताको जग नै साहित्यिक पत्रिकाबाट भएको स्पष्ट पार्दै पछिल्लो समय बदलिँदो प्रविधि र राज्यले बेलाबेलामा लिने नीतिका कारण साहित्यिक पत्रिकाहरु संकटमा परेको धारणा राखे । साहित्यिक पत्रिकाले विज्ञापन नपाउने र विज्ञापनको बजारपनि नभएकाले आर्थिक संकटसँग जुधिरहेको बताए। ज्ञान विचार र सौन्दर्यको सिर्जना हुने भएकाले यो समसामयिक पत्रकारिता जस्तो सहज नभएको तर्क गरे । राज्यले साहित्यिक पत्रिकालाई नियन्त्रणभन्दा प्रवर्धनमुखी नीति लिन जरुरी रहेकोमा समेत जोड दिए ।

कार्यक्रममा सहभागीहरुले स्रष्टा जन्माउने पत्रिकाहरु अहिले प्रकाशन नै गर्न नसकिने अवस्थामा पुगेको गुनासो गरेका छन् । आर्थिक स्रोतको अभावले नियमित प्रकाशन गर्न समेत कठिनाई भएको बताइएको छ । साथै एउटै व्यक्तिले दुई तीनवटा पत्रिका दर्ता गर्ने प्रवृत्ति रहेको भन्दै सहभागीहरूले छापामाध्यम नै अभिलेखीकरणको बलियो माध्यम भएकाले सरकारले यसको जगेर्ना गर्नुपर्ने बताए । वर्तमान अवस्थामा साहित्यिक पत्रिका नियमित प्रकाशन गर्न स्रोत नभएको र बिक्री वितरणकालागि समेत बजार नभएकाले समसामयिक पत्रिकाजस्तो सहज नभएको बताएका छन् ।

ज्ञान, विचार र सौन्दर्यको सिर्जना हुने भएकाले साहित्यिक पत्रिकाको सम्पादकमा समेत विम्बात्मक चेत हुनुपर्नेमा सहभागीहरुले जोड दिएका छन् । कार्यक्रममा प्रवीण जोशी, राज बल राई, विमल भौकाजी आलोक चालिसे, डा.शैलेन्दुप्रकाश नेपाल, पुष्प घिमिले , पदम राई, हंसावती कुर्मी, गणेश वाम्बुले राई, चेतनाथ धमलालगायत साहित्यिक पत्र-पत्रिकाका सम्पादक/सञ्चालकहरुको सहभागिता थियो ।

# सिरहामा ८० प्रतिशत धान रोपाइँ पम्पसेटको प्रयोग बढ्दो

**मुकेश यादव/मध्यान्ह**
सिरहा, ३१ असार



मधेश प्रदेशको प्रमुख कृषि जिल्ला सिरहामा यस वर्ष धान रोपाइँ उल्लेखनीय रूपमा अगाडि बढेको छ । जिल्लाभर करिब ५४ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये हालसम्म ४३ हजार २०० हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको कृषि ज्ञान केन्द्रले जनाएको छ । यसअनुसार जिल्लामा करिब ८० प्रतिशत धान रोपाइँ पूरा भएको छ।

कृषि ज्ञान केन्द्र सिरहाका सूचना अधिकारी सुदिप खनालका अनुसार अनुकूल मौसम र किसानहरूको सक्रियताका कारण रोपाइँले तीव्र गति लिएको हो । उनका अनुसार बाँकी क्षेत्रमा पनि छिट्टै रोपाइँ सम्पन्न हुने अपेक्षा गरिएको छ ।

यस वर्ष विशेषगरी मोटर तथा पम्पसेटजस्ता सिँचाइका वैकल्पिक साधनको प्रयोग उल्लेख्य रूपमा बढेको छ । वर्षा अनियमित हुँदा किसानहरूले आकाशे पानीमा मात्र निर्भर नरही भूमिगत पानीको प्रयोग गर्दै समयमै रोपाइँलाई निरन्तरता दिएका छन् ।

बरियारपट्टी गाउँपालिका-३ का स्थानीय राजेन्द्र यादवका अनुसार अधिकांश किसानहरूले मोटर वा पम्पसेटमार्फत सिँचाइ गरेर धान रोपाइँ गरेका छन् । पानीको अभाव हुँदा पनि मोटरको प्रयोगले रोपाइँ सहज भएको उनले बताए ।

सिरहाका विभिन्न स्थानमा किसानहरूले व्यक्तिगत तथा सामूहिक रूपमा मोटर जडान गरी खेतमा पानी पुऱ्याइरहेका छन्, जसले रोपाइँलाई समयमै सम्पन्न गर्न सहयोग पुगेको छ ।

यद्यपि, केही क्षेत्रमा अझै पर्याप्त वर्षा नहुँदा रोपाइँ ढिलो भएको गुनासो किसानहरूले गरेका छन् । सिँचाइ सुविधा नपुगेका स्थानका किसानहरू अझै आकाशे पानीको प्रतीक्षामा छन् । धान सिरहाको प्रमुख खाद्यान्न बाली भएकाले समयमै रोपाइँ सम्पन्न हुनु उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छ । यस वर्ष रोपाइँको प्रगति उत्साहजनक रहेकाले धान उत्पादन पनि राम्रो हुने अपेक्षा कृषि ज्ञान केन्द्रले गरेको छ ।

# नक्कली नेपाली रुपैयाँ र मेसिनसहित ६ जना पक्राउ



**काठमाडौं/मस–** प्रहरीले रुपन्देहीको बुटवल उपमहानगरपालिका-६ नेपालगञ्ज रोडस्थित एक पसलबाट नक्कली नेपाली नोट तथा नोट उत्पादनमा प्रयोग हुने सामग्रीसहित ६ जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा रुपन्देही बुटवल-११ की ३६ वर्षीया गंगा कुमारी पूर्वछाने, कास्की पोखरा महानगरपालिका-१ का किरण कृष्ण तिवारी (कृष्ण), कपिलवस्तु बाणगंगा नगरपालिका-१ का संजय थारु, भक्तपुर चाँगुनारायण नगरपालिका-१ का ४१ वर्षीय रामचन्द्र खत्री, दोलखा शैलुङ गाउँपालिका-४ का ३८ वर्षीय पासाङ तामाङ तथा भारत पश्चिम बंगालको सिलिगुडी भक्तिनगर थाना घर भएका ४९ वर्षीय वासुमित्र आनन्द रहेका छन् । प्रहरीका अनुसार पक्राउ परेकाहरूको घर तथा कोठामा गरिएको खानतलासीका क्रममा रु. १ हजार दरका ६२२ थान नक्कली नेपाली नोट बरामद भएको छ। बरामद नोटको कुल मूल्य ६ लाख २२ हजार रुपैयाँ रहेको जनाइएको छ । त्यस्तै, प्रहरीले नक्कली नोट छाप्न प्रयोग भएको आशंकामा फोटोकपी मेसिन, डेल कम्पनीको ल्यापटप, प्रिन्टर, कागजको कार्टुन, लेमिनेसन मेसिन, विभिन्न रसायन, प्लास्टिक पेपर, नोट काट्ने मेसिन तथा ६ थान मोबाइल फोनसमेत बरामद गरेको छ । पक्राउ परेकाहरूमाथि मुद्रा सम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सल्यानबाट १ अर्बभन्दा बढीका कृषि उपज निर्यात



**प्रदीप मगर/मध्यान्ह**
सल्यान, ३१ असार

कृषि विकास कार्यालय सल्यानले आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरेका कार्यक्रमको प्रगति समीक्षा तथा तथ्यांक भ्यालिडेसन गोष्ठी स्थानीय तहका सरोकारवालाको सहभागितामा बुधबार कार्यालयको सभाहलमा सम्पन्न भएको छ । गोष्ठीमा कार्यालयले वार्षिक प्रगति विवरण प्रस्तुत गर्दै जिल्लाको कृषि क्षेत्रको उपलब्धि, चुनौती र आगामी प्राथमिकताबारे छलफल गरेको हो।

कार्यक्रममा कृषि विकास कार्यालयका प्रमुख महेश आचार्यले आर्थिक वर्ष २०८२/०८३ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दै कार्यालयले ७७.८८ प्रतिशत वित्तीय तथा ९९.७३ प्रतिशत भौतिक प्रगति हासिल गरेको जानकारी दिए । उनका अनुसार १२ करोड ४० लाख ८८ हजार विनियोजित बजेटमध्ये ९ करोड ६६ लाख ४४ हजार ८ सय रुपैयाँ खर्च भएको छ । तथ्यांकअनुसार चालु आर्थिक वर्षमा सल्यानबाट तरकारी, सुन्तला, अदुवा, आलु, महलगायत कृषि उपज गरी रु. १ अर्ब ६३ करोड ३६ लाख १६ हजार बराबरका उत्पादन दाङ, नेपालगञ्ज, सुर्खेत, पोखरा र काठमाडौंलगायतका बजारमा निर्यात भएका छन् ।

गत आर्थिक वर्षको तुलनामा निर्यात रकम ५६ लाख ४८ हजार ८ सय ८८ ले घटे पनि निर्यातको परिमाण भने १ हजार ६ सय ३९ मेट्रिक टनले वृद्धि भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । गोष्ठीमै उत्कृष्ट कृषि उद्यम सञ्चालन गर्ने कृषकलाई मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिएको थियो। बागचौर नगरपालिका-७ का तारादेव वली प्रथम, सोही वडाका शोभाराम वली द्वितीय तथा त्रिवेणी गाउँपालिका-४ का पोषणराज रावत तृतीय घोषित भएका हुन् । तारादेव वलीले अदुवा खेती र ब्रोइलर कुखुरापालनबाट वार्षिक करिब ८० लाख रुपैयाँ आम्दानी गर्दै आएका छन् भने शोभाराम वलीले नर्सरी तथा फलफूल खेतीबाट करिब ३४ लाख रुपैयाँ आम्दानी गरिरहेका छन् । पोषणराज रावत व्यावसायिक तरकारी खेती र कुखुरापालनमार्फत जिल्लामा उदाहरणीय कृषकका रूपमा परिचित छन् । कार्यालयका अनुसार सुन्तलाजात बगैंचा स्थापना तथा सुदृढीकरण कार्यक्रमअन्तर्गत ६१ हेक्टर क्षेत्रमा विस्तार गरिएको छ ।

साना सिँचाइ कार्यक्रममार्फत १३७ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याइएको छ भने २३ वटा सिँचाइ कुलो निर्माण सम्पन्न भएका छन् ।

किवी, स्याउ-ओखर बगैंचा स्थापना, कृषि यान्त्रिकीकरण, सिताके च्याउ उत्पादन प्रदर्शन तथा नर्सरी स्रोत केन्द्र स्थापना लगायतका कार्यक्रम पनि सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

# रौतहटमा एक युवकले गरे आत्मदाह प्रयास

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३१ असार

रौतहटको गरुडा नगरपालिकामा एक युवकले आफ्नै शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका छन् । गरुडा नगरपालिका-९ गम्हरिया टोलका २८ वर्षीय गौतम कुमार सहनीले मंगलबार राति करिब १ बजेको समयमा आफ्नै शरीरमा आगो लगाई आत्मदाहको प्रयास गरेका हुन् ।

पारिवारिक स्रोत तथा स्थानीय जनप्रतिनिधिका अनुसार सहनी केही समयदेखि मानसिक तनावमा थिए। घरायसी तनाव र डिप्रेसनका कारण उनले राति घरमा राखिएको आफ्नै मोटरसाइकलबाट पेट्रोल निकालेर शरीरमा खन्याई आगो लगाएको गरुडा-९ का वडा अध्यक्ष राजेश सहनीले जानकारी दिए ।

घटनालगत्तै परिवारका सदस्य र छिमेकीहरूले उद्धार गरी उनलाई तत्काल गरुडास्थित बेटर नेपाल अस्पताल पुऱ्याएका थिए । जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय गरुडाका अनुसार आगोबाट सहनीको घाँटीमुनिको भाग जलेको छ । उनको शरीरको करिब ३१.५ प्रतिशत भाग जलेको र अवस्था मध्यम रहेको चिकित्सकहरूलाई उद्धृत गर्दै प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जनाए । बेटर नेपाल अस्पतालमा प्राथमिक उपचार गरिए तापनि चोटको गम्भीरतालाई ध्यानमा राख्दै चिकित्सकको सल्लाह र प्रहरीको समन्वयमा उनलाई बुधबार बिहान थप उपचारका लागि कीर्तिपुर बर्न अस्पताल काठमाडौं रिफर गरिएको छ ।

पीडित सहनी गरुडा बजारस्थित झाझ पुल नजिकै सानो छाप्रे होटल सञ्चालन गर्दै आएका थिए । सोही व्यवसायको आम्दानीबाट उनले आफ्ना तीन छोरा, श्रीमती र आमाबुबासहितको परिवारको जीविकोपार्जन गर्द आएका थिए। व्यवसायमा आएको मन्दी वा अन्य घरायसी कारणले उनी केही समयदेखि गम्भीर मानसिक दबाबमा रहेको स्थानीयको अनुमान छ ।

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०३/३२ गते बिहीबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान ६७६ को ३५६५.१९ घ.फि. काठ र साल/अन्य दाउरा १४.५० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**ओराही सा.व.उ.स., मधुवन-१, बर्दिया**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०३/३२ गते बिहीबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान २६७४ को १८६००.५७ घ.फि. काठ र साल/अन्य दाउरा ३७.५० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**सिक्टहुवा सा.व.उ.स., ठाकुरबाबा-५, बर्दिया**

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०८/२२ मा दर्ता भएको **प्रा. लि. नं. २७९२०७** को श्री **ट्रायल रुम इन्टरनेशनल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०५/०६ मा दर्ता भएको **प्रा. लि. नं. १७३६८७** को **पाली इन्टरप्राइजेज प्रा. लि.** को मिति २०८३/०३/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Aarav Global Recruitnt Pvt. Ltd श्रम इजाजत पत्र नं. १२२५/०७४/०७५** मा कार्यरत तपशिल कर्मचारीले आफ्नो घरायसी कारण देखाउँदै राजीनामा पत्र पेस गरेकाले निजको राजीनामा स्वीकृत गरी यस कार्यालयबाट हटाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता प्र.नं. | पद | ठेगाना |
|---|---|---|---|---|
| १. | सल बहादुर कार्की | २४६४८/७२३ | Operation Manager | सिम्ले १, तेह्रथुम |

AARAV
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकतातोल, सिनामंगल, काठमाडौं (Opposite Hyundai Service Center) फोनः ०१-४५९२९०५, ०१-४५९२९०६, Prakash Bhandari 9802323195, 9802323199, Sangam Rasaili 9802323198 , Kusum Rasaili : 9802323197
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com, www.facebook.com/aaravglobal.recruitment


## युएईमा रोजगार

कम्पनी : SRI RANGA CARPENTRY & FLOORING CONTRACTING L.L.C S.O.C शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०३/३१ चलानी नं.: ६०२५८२४१ LT. No.344981

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Tile Layer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber Assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन ७ देखि १० गतेसम्म (23 to 26 July 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
इजाजत नं.: ८०१/०६५/०६६
Milijuli Marg, Chakrapath-04, Kathmandu, Nepal | Tel : 01-5926707
E-mail: Swifthrgroup@gmail.com, Contact No : 9851363948 (Prakash Kuwar), 9808270475 (Sushil Ale) .

## साउदीमा रोजगार

कम्पनी : AL-MUTAWAKKIL FOUNDATION FOR ENVIRONMENTAL SERVICES. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०३/३१ चलानी नं.: ६०२५८२५९ LT. No.: 344988

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver / Heavy Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ७३६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BLUE LINE CONTRACTING COMPANY LLC शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/१०/०८ चलानी नं.: ६०२५१०३३ LT. No.: 337329 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | १०२२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bus Drivers | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ७३६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन ७ गते (23 July 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.
Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410 (Kiran Shrestha)
Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## SEMI GOVERNMENT COMPANY यूएईमा रोजगारीको अवसर
FREE VISA FREE TICKET 100% ETHICAL RECRUITMENT

कम्पनीः EJADAH ASSET MANAGEMENT GROUP LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/०५ चलानी नं.: ६०२३८०४५ LT. No.:324040 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Assistant/Office Boy | 74 | 92 | स. काममा दक्ष | 1000 | ४१,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन ७ र ८ गते (23 & 24 July 2026) मा हुनेछ ।
अन्तर्वार्ता होटल दिब्या श्री, कास्की पोखरामा २०८३ साउन ९ गते (25 July 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD
Govt Lic. No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

## Malaysia मा रोजगार Fadilat Enterprise

पूर्व स्वीकृती मितिः २०८३/०३/३१ चलानी नं. ६०२५८२७९ LTNo. : 345036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaning Worker | 3 | 0 | साधारण | 1700 | ६३,९४५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८३ साउन ७ गते (23 July, 2026) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
Contact Person : 9802039471, E-mail : info@luckyhrsolution.com

## Saudi मा रोजगार LAMAA FANAA ESTABLISHMENT

पूर्व स्वीकृती मितिः २०८३/३/३१ चलानी नं.: ६०२५८२७८ LT No.: 344969

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Roof Cleaners | 4 | काममा दक्ष | 1000 | ४०,८१०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता २०८३ साउन ७ गते (23 July, 2026) यस प्रा. लि. को कार्यलय सामाखुशी काठमाडौंमा हुनेछ ।

लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.
श्रम ईजाजत नं.: १०२५/०६८/६९
सामाखुसी चोक (नवजिवन कलेजको छेउमा) काठमाडौं, फोनः ०१-४३५७०४७